लोकतन्त्र र संघीयताप्रति समर्पित

Madhesh Post Daily

# मधेश पोष्ट

सर्लाही र धनुषाबाट एकैसाथ प्रकाशित पहिलो राष्ट्रिय दैनिक

बर्ष १५ अंक ३२८ २०८२ साल असार ७ शनिवार (21 June 2025) पृष्ठ संख्या : ८ मुल्य रु. १०।-

जथाभावी फोहर नफालौं। तोकिएको ठाउँमा फोहर राख्ने गरौं। खुल्ला ठाउँमा दिसा पिसाव नगरौं, आफ्नो ठाउँलाई स्वच्छ तथा हराभरा बनाउँ।

## मिथेन ग्याँस र धौवादी फलाम उत्खननसँगै अर्थतन्त्रमा सहयोग पुग्छ: प्रधानमन्त्री ओली



मधेश समाचारदाता

काठमाण्डौ, ६ असार। प्रधानमन्त्री केपी शर्मा ओलीले दैलेखमा ५० वर्षसम्म नेपाललाई पुग्ने मिथेन ग्याँस पत्ता लागेको बताउनुभएको छ।

शुक्रवार ग्वार्को फ्लाइओभरको उद्घाटन गर्दै उहाँले यस्तो बताउनुभएको हो। उहाँले १ सय १२ मिलियन मेट्रिक टन ग्याँस पत्ता लागेको बताउँदै यसबाट नेपालले आर्थिक उन्नति गर्न सक्ने बताउनु भयो। उहाँले दैलेखमा रहेको ग्याँसको अध्ययनका लागि पनि आफूले नै काम सुरु गरेको र अहिलेको फ्लाइओभरको उद्घाटन पनि आफूले नै गरेको बताउन भयो। धौवादी फलाम कारखानाको काम अघि बढिरहेको र धौवादी फलाम कारखाना सम्पन्न हुने बित्तिकै नेपाललाई सय वर्षलाई पुग्ने फलाम, आइरन, स्टिल प्राप्त हुने दाबी गर्नुभयो। त्यसले देशलाई ठुलो टेवा पुग्ने बताउनु भयो।

प्रधानमन्त्री ओलीले भन्नुभयो, 'हिजो मात्रै एउटा समाचार आयो। अखबारहरूमा व्यापक स्थान पायो। दैलेखमा नेपाललाई ५० वर्ष कमसेकम पुग्ने गरीको मिथेन ग्याँस पत्ता लाग्यो। त्यो प्रमाणित भयो। १ सय १२ मिलियन मेट्रिक टन होला सायद अथवा ठुलो मात्रामा ५० वर्ष नेपाललाई पुग्ने गरी तीन वटा कुवा छ त्यहाँ त्यसमध्ये एउटाबाट मात्रै ५० वर्ष नेपाललाई मिथेन ग्याँस त्यहाँबाट पैदा हुन्छ। जुन कुरा यो फ्लाइओभर सुरु गरेको जस्तै त्यसको पनि सुरुवात मैले नै गरेको थिएँ। हामी धौवादी फलाम कारखाना अघि बढाउँदै छौं। 'धौवादी फलाम कारखाना सम्पन्न हुने बित्तिकै हामीले नेपाललाई सय वर्षलाई पुग्ने फलाम, आइरन, स्टिल आदि कारखानाहरू यहाँ स्थापना गर्नेछौं। त्यसले देशको अर्थतन्त्रलाई धेरै अगाडि बढाउनेछ। त्यसले विदेश जाने मुद्रा नेपालमै रहन्छ। वार्षिक ठुलो आम्दानी त्यहाँबाट हुनेछ। धेरैले रोजगारी नेपालभित्र पाउनेछन्। अरू खनिजको उत्खनन हुन्छ।'

प्रधानमन्त्री ओलीले उहाँले धौवादी फलाम कारखानाको उत्खनन र मिथेन ग्याँसको प्राप्तिसँगै विदेश जाने मुद्रा नेपालमै रहने र वार्षिक ठुलो आम्दानी हुने बताउनु भयो। यसले स्वदेशमै रोजगारी सिर्जना हुने बताउनुभयो।

## हिन्दु सम्राट नेपाल सर्लाही जिल्ला कार्य समिति गठन तथा बार्षिक योजना बैठक सम्पन्न




संतोष कुमार कर्ण

सर्लाही, ६ असार। हिन्दु सम्राट नेपाल सर्लाही जिल्ला कार्य समितिको पुन:गठन तथा बार्षिक योजना निर्माण सम्बन्धी बैठक शुक्रवार मलंगवामा सम्पन्न भएको छ।

कार्यक्रममा प्रमुख अतिथिको रुपमा लक्ष्मी सनातनी सहभागी हुनु भएको थियो। सर्लाही जिल्लाको विभिन्न स्थानीय तहबाट प्रतिनिधिहरूको उपस्थितिले कार्यक्रम भव्य बनाएको थियो। साथै महोत्तरी, धनुषा, बिरटनगर लगायतका अन्य जिल्लाबाट समेत हिन्दु सम्राट सेनाका पदाधिकारीहरुको सहभागिता रहेको थियो।

कार्यक्रममा हिन्दु सम्राट नेपालका केन्द्रीय उपाध्यक्ष कृष्णा यादवले नवगठित जिल्ला कार्य समितिका पदाधिकारीहरूलाई सपथ गराउनुभयो। उहाँले कार्यकर्ताहरुलाई संगठनको मूल उद्देश्य अनुसार अनुशासित, सक्रिय र धर्मनिष्ठ भएर कार्य गर्न निर्देशन दिनुभयो।

कार्यक्रममा मन्तव्य राख्दै उपाध्यक्ष यादवले हिन्दु सनातन धर्मको संरक्षण र प्रवर्द्धनमा सबै एकजुट भएर लाग्नुपर्नेमा जोड दिनुभयो। नयाँ नेतृत्वले संगठनात्मक रुपमा जिल्लाभर कार्य विस्तार गर्ने प्रतिबद्धता व्यक्त गर्यो।

## चक्रघट्टा गाउँपालिकाको १५ औं गाउँ सभा सम्पन्न




मधेश समाचारदाता

सर्लाही, ६ असार। चक्रघट्टा गाउँपालिकाको १५ औं गाउँ सभा शुक्रबार एक विशेष समारोहबीच सम्पन्न भएको छ।

गाउँपालिकाका अध्यक्ष कृष्ण कुमार यादवको अध्यक्षतामा आयोजित कार्यक्रममा संघीय सांसद हरि उप्रेती प्रमुख अतिथि तथा पूर्व अर्थमन्त्री संजय कुमार यादव विशिष्ट अतिथिको रुपमा सहभागी हुनुभएको थियो।

गाउँ सभामा अध्यक्ष यादवले आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम सार्वजनिक गर्नुभएको थियो।

कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत सञ्जिव कुमार यादवले स्वागत मन्तव्य राख्दै सबै अतिथि तथा सहभागीहरूलाई स्वागत गर्नुभयो।

कार्यक्रममा जिल्ला प्रशासन कार्यालय सर्लाहीका प्रमुख प्रशासकीय अधिकृत सुरेश प्रसाद दास, गाउँपालिकाका जनप्रतिनिधि, तथा उल्लेख्य संख्यामा स्थानीयवासीहरूको उपस्थिति रहेको थियो।

उत्साहपूर्ण वातावरणबीच सम्पन्न उक्त सभा समृद्ध चक्रघट्टाको लागि शिक्षा, स्वास्थ्य, कृषि, पूर्वाधार र उद्यमशीलता प्रवर्द्धन गर्ने अठोटका साथ सम्पन्न गरिएको हो।

## लागुऔषध नियन्त्रणका सम्वन्धमा हरिवनमा अन्तरक्रिया



मधेश समाचारदाता

सर्लाही, ६ असार। लागुऔषधको प्रयोग तथा ओसारपसार रोकथाम गर्ने उद्देश्यसहित हरिवनमा शुक्रवार अन्त्तरक्रिया कार्यक्रम गरिएको छ।

जिल्ला प्रशासन कार्यालय सर्लाहीले लागुऔषध नियन्त्रण सम्वन्धी कार्यक्रम संचालन गरेको हो। प्रमुख जिल्ला अधिकारी तुलसीबहादुर श्रेष्ठको अध्यक्षता तथा हरिवन नगरपालिकाका प्रमुख रमेश बुढाथोकी (कमल) को प्रमुख आतिथ्यतामा कार्यक्रम गरिएको जिल्ला प्रशासन कार्यालय सर्लाहीले जनाएको छ।

कार्यक्रममा प्रहरी उपरीक्षक (एसपी) योगेन्द्रकुमार खड्काले लागुऔषधको ओसारपसार नियन्त्रण गर्न जिल्लामा भइरहेका प्रयास, कानुनी कारवाहीको अवस्था लगायतबारे प्रस्तुतिकरण राख्नुभयो।

छलफलमा जिल्लाका सुरक्षा निकायका प्रमुख, हरिवन नगरपालिकाकी उपप्रमुख हरिमाया घलान, वडाध्यक्ष, अन्य जनप्रतिनिधि र सरोकारवालाको उपस्थिति रहेको थियो।

यसअघि जिल्लाको बलरा नगरपालिका, ईश्वरपुर नगरपालिका र चक्रघट्टा गाउँपालिकाका लागुऔषध नियन्त्रण सम्वन्धी कार्यक्रम गरिसकिएको छ।

श्री स्नेही फुड प्रोसेसिंङ प्रा. लि. मलंगवाको सूचना

मानव स्वास्थ्यलाई ध्यानमा राखी स्थानीय किसानहरुले उत्पादन गरेको तोरी र सरसोबाट निकालिएको 'शुद्ध तेल' को बिक्रीवितरणका लागि मलंगवा नगरपालिका वडा न–१० जिविस चौक स्थित रेडियो मधेशको कार्यालयदेखि उत्तर रोडको पश्चिम साईडमा संचालन मा आईसकेको छ "श्री स्नेही फुड प्रोसेसिंङ प्रा.लि" ।।

"बुँद बुँदमा शुद्धता हाम्रो प्रतिबद्धता"

कृष्णा कुमारी यादव
प्रोप्राईटर

श्री स्नेही फुड प्रोसेसिंङ प्रा.लि. मलंगवा-१०, जिल्ला विकास चौक सर्लाही

# समाज लघुवित्त वित्तीय संस्था लिमिटेड

## केन्द्रीय कार्यालय, मलंगवा

## सातौं वार्षिक साधारण सभा सम्बन्धी अत्यन्त जरूरी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८२/०३/०७

यस संस्थाको मिति २०८२/०३/०६ गते बसेको सञ्चालक समितिको १३१ औं बैठकको निर्णयानुसार संस्थाको सातौं वार्षिक साधारण सभा देहायका विषयमा छलफल तथा निर्णय गर्न निम्न मिति, समय र स्थानमा भौतिक उपस्थिति र विद्युतीय/भर्चुअल/(Zoom) र Proxy माध्यमबाट सञ्चालन हुने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिका लागि कम्पनी ऐन, २०६३ को दफा (६७) तथा संस्थाको नियमावली बमोजिम यो सूचना प्रकाशित गरिएको छ।

**साधारण सभा हुने मिति, समय र स्थान :**

**मिति** : २०८२ असार २८ गते शनिबार (तदनुसार जुलाई १२, २०२५), **समय** : बिहान ११:०० बजे । **स्थान** : जानकी फेमली होटल एण्ड पार्टि प्यालेस, मलंगवा-१०, सर्लाही ।

साधारण सभा भौतिक उपस्थिति र विद्युतीय/भर्चुअल/(Zoom) र Proxy माध्यमबाट सञ्चालन हुनेछ । साथै, साधारण सभाको भर्चुअल मिटिङ्गको लिङ्क शेयरधनी महानुभावहरुले उपलब्ध गराएको ईमेल ठेगानामा पठाइनेछ।

**छलफलका विषय सूचीहरु :**

**(क) साधारण प्रस्ताव :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नु हुने आर्थिक वर्ष २०८०/८१ को संस्थाको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०८०/८१ को वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण सहितको वित्तीय विवरणहरू तथा सम्बन्धित अनुसूचीहरू छलफल गरी पारित गर्ने ।

३. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०८१/८२ को बाह्य लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ति साधारण सभाले गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

**(ख) विशेष प्रस्ताव :**

१. समाज लघुवित्त वित्तीय संस्था लिमिटेड र ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभ्ने/गाभिने (मर्जर) सम्बन्धी प्रस्ताव पारित गर्ने ।

२. समाज लघुवित्त वित्तीय संस्था लिमिटेडको जारी तथा चुक्ता पुँजी रु. २,२८,५०,०००।- रहेकोर ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेडको जारी तथा चुक्ता पुँजी रु. ९८,२५,००,०००।- रहेकोर मर्जर पश्चात शेयर संरचनामा परिवर्तन हुने भएकोले प्रबन्धपत्रको सम्बन्धित दफाहरुमा भएको व्यवस्था संसोधन गर्ने ।

३. समाज लघुवित्त वित्तीय संस्था लिमिटेड र ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेड बीच एक आपसमा गाभ्ने/गाभिने (मर्जर) सम्बन्धी प्रयोजनको लागि मूल्यांकनकर्ता NB Rokaya and Associates बाट प्राप्त सम्पत्ति तथा दायित्व मूल्यांकन प्रतिवेदन (Due Diligence Audit Report) तथा अन्य सम्बद्ध व्यवस्था समेतका आधारमा संयुक्त गाभ्ने/गाभिने (मर्जर) समितिको सिफारिसमा यस वित्तीय संस्थाको सञ्चालक समितिले स्वीकृत गरे बमोजिम ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेडको १ कित्ता शेयर बराबर समाज लघुवित्त वित्तीय संस्था लिमिटेडको १ कित्ता शेयर हुने गरी शेयर आदान प्रदान अनुपात (Share Swap Ratio) १:१ (एक कित्ता बराबर एक कित्ता) शेयर कायम गर्ने गरी दुबै वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (मर्जर) गर्न स्वीकृति प्रदान गर्ने ।

४. समाज लघुवित्त वित्तीय संस्था लिमिटेड र ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभ्ने/गाभिने (मर्जर) प्रयोजनको लागी दुवै संस्थाको चलअचल सम्पत्ति तथा दायित्व मूल्याङ्कन प्रतिवेदन (Due Diligence Audit Report) र उक्त प्रतिवेदन तयार गर्न नियुक्त लेखापरीक्षक/मुल्याङ्कनकर्ता NB Rokaya and Associates को नियुक्ति, निजको पारिश्रमिक सम्बन्धी निर्णयलाई अनुमोदन गर्ने ।

५. यस संस्थाको मिति २०८१ असार ३० गते सम्पन्न छैठौं वार्षिक साधारण सभाबाट पारित विशेष प्रस्ताव नं. १ बमोजिम ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेड र समाज लघुवित्त वित्तीय संस्था लिमिटेड बीच मिति २०८१/११/१७ गते (Memorandum of Understanding) समझदारीपत्रमा दस्तखत गरी एक आपसमा गाभ्ने/गाभिने (मर्जर) सम्बन्धी प्रयोजनको लागि सम्पन्न सम्झौता पत्र लगायत भए गरेका सम्पूर्ण कार्यहरुको अनुमोदन गर्ने तथा गाभ्ने/गाभिने (मर्जर) सम्बन्धमा बाँकी रहेका सम्पूर्ण आवश्यक कार्यहरु गर्न र सो सम्बन्धमा भएका सम्पूर्ण खर्चहरु अनुमोदन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

६. समाज लघुवित्त वित्तीय संस्था लिमिटेड र ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेड बीच गाभ्ने/गाभिने (मर्जर) पश्चात नेपाल राष्ट्र बैंकबाट अन्तिम स्वीकृतिमा उल्लेख भई आए बमोजिमको नामबाट एकीकृत कारोबार गर्ने प्रस्ताव पारित गर्ने । (Memorandum of Understanding) समझदारीपत्र मा प्रस्ताव भएको संस्थाको नाम ग्रामीण समाज विकास लघुवित्त वित्तीय संस्था लिमिटेड प्रस्ताव गरिएको छ।

७. समाज लघुवित्त वित्तीय संस्था लिमिटेड र ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेड बीच गाभ्ने/गाभिने (मर्जर) सम्बन्धमा यस संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा पुँजी, सञ्चालक समितिको संरचना लगायतका सम्बन्धित अन्य आवश्यक दफा तथ नियमहरु समेतमा संशोधन गर्ने, उक्त संशोधनलाई नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड लगायतका सम्बन्धित नियमनकारी निकायबाट स्वीकृति लिने/अभिलेख गर्ने/गराउने सो क्रममा भए गरेका काम कारवाहीका सम्बन्धमा नियमनकारी निकायहरुबाट संशोधन, परिमार्जन तथा थपघट गर्न कुनै निर्देशन प्राप्त भएमा सोही बमोजिम संशोधन/परिमार्जन समेतका सम्पूर्ण कार्यहरु गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

**(ग) विविध:**

संचालक समितिको आज्ञाले
कम्पनी सचिव

**साधारण सभा सम्वन्धमा अन्य थप जानकारी :**

१. सातौं वार्षिक साधारण सभा प्रयोजनको लागि मिति २०८२/०३/१५ गते १ दिन यस वित्तीय संस्थाको शेयर दाखिल खारेज दर्ता बन्द रहने छ।

२. मिति २०८२/०३/१३ गतेसम्म नेपाल स्टक एक्सचेन्ज लि.मा कारोबार भई शेयर नामसारी भएका शेयरधनीहरू मात्र संस्थाको दशौं वार्षिक साधारण सभामा सहभागी हुन योग्य हुनेछन् ।

३. वार्षिक साधारण सभामा भाग लिन आउने शेयरधनी महानुभावहरुले आफ्नो शेयर प्रमाणपत्र वा हितग्राही खाता नं. र शेयर संख्याको विवरण वा परिचय खुल्ने कुनै आधिकारिक प्रमाणपत्र सहित उपस्थितिको जानकारी सभा समक्ष गराउनु पर्नेछ। संगठित संस्थाबाट प्रतिनिधित्व गर्ने भएमा संगठित संस्थाको आधिकारिक पत्र पेश गर्नुपर्ने छ। भौतिक रुपमा उपस्थितहुन नसक्ने शेयरधनी महानुभावहरू विद्युतीय/भर्चुअल (Zoom) / Proxy माध्यमबाट साधारण सभामा सहभागी भई दिनुहुन अनुरोध छ।

४. विद्युतीय/भर्चुअल (Zoom) र Proxy माध्यम मार्फत सहभागी हुन शेयरधनी महानुभावहरुलाई संस्थाको तर्फबाट User ID/ Password उपलब्ध गराइनेछ। साधारण सभा शुरु हुनु भन्दा एक घण्टा अगावै विद्युतीय/भर्चुअल (Zoom) प्रणाली खुल्ला गरिनेछ। सो समय अगावै सभामा सहभागी हुन चाहने शेयरधनीहरुले संस्थाबाट प्रदानगरिएको User ID / Password को माध्यमबाट Login गरी आफ्नो परिचय, शेयरधनी नं./हितग्राही खाता नं. र शेयर संख्या सहित उपस्थितिको जानकारी सभा समक्ष गराउनुपर्नेछ।

५. भर्चुअल माध्यमबाट सहभागी शेयरधनीहरुको हाजिरी निजहरुले गरेका Login मार्फत Login भएको देखिने गरी प्रमाणका निमित्त फोटो खिचेर तथा सभा संचालन अवधिभरको भिडियो रेकर्ड गरेर राखिनेछ। यस किसिमको उपस्थितिलाई सभाहलमा उपस्थित भए सरहको मान्यता दिइनेछ।

६. विद्युतीय/भर्चुअल (Zoom) माध्यमबाट वार्षिक साधारण सभामा भाग लिंदा/प्रोक्सी दर्ता गर्दा आफ्नो परिचय खुल्ने प्रमाणपत्र अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।

७. शेयरधनी महानुभावहरुले छलफलका विषयहरु मध्ये विविध शीर्षक अन्तर्गत वित्तीय संस्था सम्बन्धी केही जिज्ञासा भए साधारण सभा हुनु भन्दा ७ दिन अगावै कम्पनी सचिवको इमेल मार्फत सञ्चालक समितिका अध्यक्षलाई लिखित रूपमा दिनु पर्नेछ। साधारण सभामा सहभागी हुनको लागि प्रतिनिधि(प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरूले संस्थाको अर्को शेयरधनीलाई तोकिएको ढाँचा (प्रोक्सी नियुक्तिको निवेदनको ढाँचा संस्थाको वेबसाइटमा राखिएको छ) बमोजिमको प्रोक्सी फाराम भरी प्रतिनिधि नियुक्त गरी सभा सुरु हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै अर्थात मिति २०८२/०३/२६ गते बिहान ११:०० बजे भित्र संस्थाको प्रधान कार्यालय, बुटवलमा दर्ता गराई सक्नुपर्नेछ।

८. संस्थाको शेयरधनी बाहेक अरुलाई प्रतिनिधि (प्रोक्सी) मुकरर गर्न र एक भन्दा बढी व्यक्तिलाई आफ्नो शेयर विभाजन गरी तथा अन्य कुनै किसिमबाट छुट्याई प्रतिनिधि (प्रोक्सी) मुकरर गर्न पाइने छैन, त्यस्तो प्रतिनिधि (प्रोक्सी) स्वत: बदर हुनेछ। रितपूर्वक नियुक्त भएको प्रतिनिधि (प्रोक्सी) लाई मात्र सभामा सहभागी गराइनेछ।

९. संयुक्त रुपमा शेयर खरिद गरेको अवस्थामा शेयर लगत किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति वा सर्वसम्मत रुपमा नियुक्त गरिएको एक व्यक्तिले मात्र सभामा भाग लिन पाउनेछन्।

१०. संरक्षक रहनु भएका शेयरधनी महानुभावहरुको तर्फबाट यस संस्थाको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम भएको व्यक्तिले मात्र सभामा भाग लिन वा प्रतिनिधि नियुक्त गर्न पाउनेछन्।

११. संगठित संस्थाका शेयरधनी भएमा त्यस्ता संगठित संस्थाहरुद्वारा मनोनित व्यक्तिले ल्याउने प्रतिनिधि ( प्रोक्सी) फाराममा संस्थाको छाप भएको हुनुपर्नेछ।

१२. सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरुले सभा हुने स्थानमा रहेको उपस्थिति पुस्तिकामा दस्तखत गर्नु पर्नेछ। शेयरधनी उपस्थिति पुस्तिका बिहान ९:०० बजे देखि खुल्ला रहनेछ।

१३. शेयरधनीहरुबाट उठेका प्रश्न, जिज्ञासा वा मन्तव्यहरुको सम्बन्धमा सञ्चालक समितिको तर्फबाट अध्यक्ष वा निजबाट अनुमति प्राप्त व्यक्तिले जवाफ दिन सक्नेछन्।

१४. शेयरधनी महानुभावहरुले कम्पनी ऐन,२०६३ अनुसारको लेखा परीक्षकको प्रतिवेदन सहितको आ.व.२०८०/८१ को वार्षिक वित्तीय विवरण, संचालक समितिको प्रतिवेदन तथा वार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारीहरु संस्थाको वेबसाइट www.samajlaghubitta.com.np बाट प्राप्त गर्न सकिनेछ।

१५. शेयरधनी महानुभावहरुले संस्थाका कम्पनी सचिवको इमेल kishorimahato41@gmail.com मार्फत समेत आफ्नो सुझाव तथा जिज्ञासा राख्न सक्नु हुनेछ।

१६. साधारण सभामा सहभागी भए वापत कुनै किसिमको खर्च रकम संस्थाले प्रदान गर्ने छैन। साधारण सभा सम्बन्धी अन्य जानकारी आवश्यक भएमा कार्यालय समय भित्र संस्थाको केन्द्रीय कार्यालयको फोन नं. ०४६-५२१७९५ मा सम्पर्क राख्न सकिनेछ।

प्रबन्ध निर्देशक : निमेष कर्ण, सम्पादक : विश्वनाथ ठाकुर, प्रकाशक : सर्लाही संचार केन्द्र मुद्रण :दुर्गा अफसेट प्रेस, मलंगवा सर्लाही E-mail: newsthakur@gmail.com 9854038000

# जनप्रतिनिधि रिक्त रहेका क्षेत्रमा उपचुनावका लागि तयारी



मधेश समाचारदाता

काठमाण्डौ, ६ असार । सरकारले जनप्रतिनिधि रिक्त रहेका क्षेत्रमा उपचुनावका लागि आवश्यक तयारी थालेको छ । प्रतिनिधिसभा, राष्ट्रियसभा, प्रदेशसभा र पालिकामा रिक्त विभिन्न पदको चुनावका लागि मिति तोक्ने गरी निर्वाचन आयोगसँग परामर्श लिने काम भइरहेको छ ।

शुक्रवार सिंहदरबारमा प्रधानमन्त्री केपी शर्मा ओलीलाई आयोगका कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीसहित आयुक्तको टोलीले भेट गरेको छ ।

प्रतिनिधिसभा रुपन्देही क्षेत्र नम्बर-३, गण्डकी प्रदेशसभा मनाङ क्षेत्र नम्बर १ (ख) मा रिक्त सदस्यका लागि कात्तिक दोस्रो हप्ता चुनाव गर्ने गरी मिति तोक्ने तयारी छ । रुपन्देही-३ मा राप्रपाका सांसद दीपक बोहराको निधन भएपछि पद रिक्त छ ।

त्यस्तै मनाङ क्षेत्र नम्बर १ (ख) का प्रदेशसभा सदस्य दीपक मनाङे पदमुक्त भएका छन् । असार १६ गतेभित्र मिति तोक्ने आयोगले तयारी गरेको छ ।

त्यस्तै पालिकामा १३ वटा वडाध्यक्षको पद रिक्त छ । त्यस्तै आउँदो फागुनमा कार्यकाल सकिएर १९ जना राष्ट्रियसभा सदस्यहरू बिदा हुँदैछन् । त्यसमध्ये १८ पदका लागि चुनाव हुनेछ । एक जनालाई राष्ट्रपतिले मनोनीत गर्नुहुनेछ ।

प्रधानमन्त्री ओलीले उपचुनावका लागि आयोगले गरेको तयारीअनुसार आवश्यक सहजीकरणका लागि सरकारको तर्फबाट सहयोग हुने बताउनुभएको छ ।

## नेपालमा पहिलो फ्रेन्च फ्राइज उद्योग सञ्चालनमा, भारतमा समेत निर्यात




मधेश समाचारदाता

काठमाण्डौ, ६ असार । रुपन्देहीमा झन्डै २ अर्ब रुपैयाँ लगानीमा फ्रेन्च फ्राइज उद्योग सञ्चालनमा आएको छ । फर्स्ट च्वाइस फुड्स प्रालिले नेपालमा पहिलो पटक उद्योग स्थापना गरी उत्पादन तथा बजारीकरण गर्न थालेको छ ।

गुल्मीको मदाने गाउँपालिका-६ घर भई बुटवलमा बस्दै आएका व्यवसायी कृष्णप्रसाद पौडेलले रुपन्देहीको शुद्धोधन गाउँपालिका-४ मा उद्योग सञ्चालन गर्नुभएको हो ।

काठमाण्डौमा भएको कार्यक्रममा उपप्रधान एवम् अर्थमन्त्री विष्णुप्रसाद पौडेलले उद्योगले उत्पादन गरेको फर्स्ट च्वाइस फुड सार्वजनिक गर्नुभयो । ५ बिघा क्षेत्रफलमा फैलिएको यो उद्योगले आलुका परिकार उत्पादन गर्दै आएको छ । कम्पनीबाट 'हिमालयन क्रिप्स' र 'हाम्रो फ्राइज' बजारमा आएको छ ।

उद्यमी पौडेलले आलु उत्पादक १० हजार किसान उद्योगसँग जोडिएका जानकारी दिनुभयो । उहाँका अनुसार अहिले उद्योगले १९ जिल्लाका किसानसँग जोडिएर काम गरिरहेको छ ।

अहिले भारतमा समेत उद्योगले आफ्नो उत्पादन निर्यात गरेको उद्योगका सञ्चालक तथा अध्यक्ष पौडेलले बताउनुभयो । आउँदा दिनमा युएई, मलेशिया, साउदी अरेबियालगायतका तेस्रो देशमा निर्यात गर्ने कम्पनीको लक्ष्य रहेको छ । अर्थमन्त्री पौडेलले आलुको आयातलाई घटाउने र देशभित्रै उत्पादन बढाउने तथा रोजगारी सिर्जना गर्नुपर्नेमा जोड दिनुभएको छ । यसका लागि सरकारले आवश्यक सहजीकरण गर्ने उहाँको प्रतिबद्धता छ ।

## अन्तराष्ट्रिय समाचार

# दुर्घटनाग्रस्त एअर इन्डिया विमानको उडान रेकर्डहरू विदेश पठाउने/नपठाउनेबारे भारत अझै अनिर्णित



एजेन्सी, ६ असार । भारतको विमान दुर्घटना अनुसन्धान ब्युरो (एएआईबी) ले दुर्घटनाग्रस्त एअर इन्डियाको उडान डेटा र ककपिट भ्वाइस रेकर्डरहरू डिकोडिङ र विश्लेषणका लागि विदेश पठाउने कि नपठाउने भन्ने निर्णय अझै गर्न सकेको छैन ।

केही सञ्चारमाध्यमहरूले ब्ल्याक बक्सहरू विदेश पठाइँदै गरेको जनाए पनि कुनै अन्तिम निर्णय नभएको नागरिक उड्डयन मन्त्रालयलाई उद्धृत गर्दै बीबीसीले जनाएको छ ।

विमान दुर्घटना अनुसन्धान ब्युरोले प्राविधिक, सुरक्षा र सुरक्षा कारकहरूको उचित मूल्याङ्कन गरेपछि विश्लेषणका लागि स्थान निर्धारण गर्ने मन्त्रालयले भनेको छ । यद्यपि केही सञ्चारमाध्यमहरूले दुर्घटनापछि विमानमा लागेको आगोमा रेकर्डरहरू नराम्ररी क्षतिग्रस्त भएको रिपोर्ट गरेका छन्, यसले गर्दा भारतमा डेटा निकाल्न गाह्रो भएको र सरकारले रेकर्डरहरू अमेरिका पठाउने योजना बनाइरहेको खबरमा उल्लेख छ ।

गएको बिहीवार पश्चिमी भारतको अहमदाबाद विमानस्थलबाट बेलायतका लागि उडेको एअर इन्डियाको बोइङ ७८७-८ ड्रीमलाइनर विमान एक मिनेटभन्दा कम समयमै आवासीय क्षेत्रमा दुर्घटनाग्रस्त हुँदा कम्तीमा २७० जनाको ज्यान गएको थियो । ज्यान गुमाउनेमा धेरैजसो यात्रु थिए ।

# इरानद्वारा इजरायली अस्पतालमा आक्रमण, 'मुख्य निशाना' सैन्य स्थल



तेहरान, ६ असार (रासस/एएफपी)। इरानले बिहीबार दक्षिणी इजरायलको एक अस्पतालमा आक्रमण गरेको छ। इरानले आफ्नो आक्रमणको निशाना अस्पताल नभई इजरायली सेना र गुप्तचर बेस भएको बताएको छ।

दक्षिणी इजरायलको एक अस्पताल र तेल अभिभ नजिकैका दुई सहरमा इरानी क्षेप्यास्त्र प्रहारबाट कम्तीमा ४७ जना घाइते भएको इजरायली उद्धारकर्ताले जानकारी दिएका छन्।

"आक्रमणको मुख्य निशाना इजरायली सेनाको कमाण्ड एण्ड इन्टेलिजेन्स बेस (आइडीएफ सीफोरआई) र सोरोका अस्पताल आसपासमा रहेको गाभ-याम टेक्नोलोजी पार्कमा रहेको आर्मी इन्टेलिजेन्स क्याम्प थियो," अधिकारीलाई उद्धत गरी इरानी सरकारी समाचार संस्था आइआरएनएले भनेको छ। 'विस्फोटको लहर'को असर अस्पतालमा परेको तर आक्रमणको 'प्रत्यक्ष र सटीक लक्ष्य' सैन्य सुविधा भएको इरानले बताएको छ ।

इरानको शक्तिशाली इस्लामिक रिभोल्युसनरी गार्ड कोरले पनि आक्रमणबारे एक वक्तव्य जारी गरेको छ। "यो आक्रमण अस्पताल नजिकै रहेको इजरायली प्रशासनको 'कमाण्ड एण्ड इन्टेलिजेन्स सेन्टर'लाई लक्षित गरिएको र क्षेप्यास्त्रको निशाना अत्यन्त सटिक र निर्देशित बनाइएको थियो,' सरकारी टेलिभिजनद्वारा प्रशारित इस्लामिक रिभोल्युसनरी गार्ड कोरले जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

सेनाले इजरायलको हवाई क्षेत्र रक्षाविहीन रहेको र त्यहाँ कुनै पनि सुरक्षित स्थान नहुने चेतावनी यसअघि नै दिएको थियो।

कृषि ज्ञान केन्द्र
मलंगवा, सर्लाही
मधेश प्रदेश, नेपाल

कृषि उत्पादन बढाऔं ।

❖खेतबारी बाँझो नराखौं, उत्पादनमा जोड दिऔं,
❖जैविक मल र जैविक विषादीको प्रयोग बढाऔं,
❖स्थानीय बीउबिजन तथा रैथाने बालीको संरक्षण गरौं,
❖प्राङ्गारिक वस्तुको उत्पादन र उपभोगलाई प्रवर्द्धन गरौं,
❖कृषि तथा पशुपन्छी पालनसम्बन्धी तालिम, गोष्ठी तथा सेमिनारमा सहभागी होऔं,
❖कृषि अनुदानको सही सदुपयोग गरौं,
❖बाली तथा पशुपन्छीमा समस्या देखिए कृषि प्राविधिकसङ्ग सल्लाह-सुझाव लिऊँ,

कृषि पेशाको सम्मान गरौं, कृषकलाई प्रोत्साहन गरौं।

सहारा मल्टिपर्पस को-ऑपरेटिभ सोसाईटी लिमिटेड
प्रधान कार्यालय : मलंगवा, सर्लाही

हर्जाना छुट सम्बन्धी सूचना

यस संस्थाको निर्णय अनुसार समयमा ऋण चुक्ता वा साँवा किस्ता नतिरी भाखा नाघिसकेको ऋणीहरुलाई राहत स्वरूप २०८२ सालको आषाढ मसान्त भित्रमा ऋणीहरुले एकमुष्ट रूपमा ऋण चुक्ता गर्दा लाग्ने हर्जानाको ५०% रकम छुट गर्ने तथा साँवा किस्ता तिर्न बाँकी रहेका ऋणीहरुले एकमुष्ट साँवा किस्ता बुझाएमा लाग्ने हर्जानामा ५०% छुट दिने निर्णय भएकोले सम्बन्धित सबैको जानकारीको लागि सूचना प्रकाशित गरिएको छ ।

(सुनिल कुमार गुप्ता)
मुख्य प्रबन्धक

# युट्युबमा रेखाले सुरु गरिन् कार्यक्रम 'दोस्रो अध्याय'



अभिनेत्री रेखा थापाले 'दोस्रो अध्याय' नामक कार्यक्रम सुरु गरेकी छन् । उनले आफ्नै अफिसियल युट्युब च्यानलमार्फत उक्त कार्यक्रम सुरु गरेकी हुन् । कार्यक्रम कुराकानीमा आधारित रहेको थापाले बताइन् ।

उनका अनुसार स्वास्थ्य तथा शिक्षाका विषयमा आधारित रहेर निर्माण भएको कार्यक्रमको पहिलो भाग बिहीबार प्रसारण भएको छ । यो भागमा उनले 'गर्भवती महिलालाई के ज्ञान वा के शिक्षा चाहिन्छ ?' भन्ने विषयमा डा.ज्योत्सना शर्मा तिवारीसँग कुराकानी गरेकी छन् ।

'दोस्रो अध्याय' केवल एक कार्यक्रम मात्र नभएर आफ्नो यात्रा समेत भएको रेखाले बताइन् । 'सबै आमाहरूको, जसको जीवन आमा भएपछि नयाँ बाटोमा हिँड्छ । यो शृङ्खलामा, म डाक्टरहरूसँग, आमाहरूसँग र जीवनका विभिन्न पाटोहरूसँग जोडिएका पात्रहरूसँग कुराकानी गर्छु', उनले भनिन्, 'गर्भधारणदेखि प्रसूति र आमाको आत्मबलसम्म सबै कुरा खुल्दुली पाराले खोतल्छु ।' कार्यक्रम दर्शकको ध्यानलाई मध्यनजर गरेर निर्माण गर्ने उनले सुनाइन् ।

# बीपी राजमार्गमा १५ दिनसम्म राति यात्रुवाहक गाडी चलाउन रोक



मधेश समाचारदाता

काठमाण्डौ, ६ असार । बाढी पहिरोको जोखिमलाई मध्यनजर गर्दै बीपी राजमार्गमा भोलिदेखि १५ दिनका लागि रातिमा यात्रुवाहक गाडी चलाउन रोक लगाइने भएको छ ।

आज बसेको काभ्रे, सिन्धुली र रामेछापका अन्तरजिल्ला सुरक्षा समन्वय समितिको बैठकले बेलुकी साढे ६ देखि बिहान ५ बजेसम्म यात्रुवाहक गाडी चलाउन रोक लगाएको काभ्रेका सहायक प्रमुख जिल्ला अधिकारी एवम् सूचना अधिकारी सुदर्शन श्रेष्ठले उज्यालोलाई जानकारी दिनुभयो । मालवाहक गाडीलाई भने नरोक्ने निर्णय भएको छ ।

काभ्रेको काभ्रेभञ्ज्याङदेखि सिन्धुलीको खुर्कोट सडक खण्ड बढी जोखिमयुक्त भएकाले सार्वजनिक र निजी यात्रु गाडी चलाउन रोक लगाइएको हो ।

# नेपालीलाई इजरायल र इरानबाट उद्धार गर्ने तयारीमा छौं : परराष्ट्रमन्त्री

मधेश समाचारदाता

काठमाण्डौ, ६ असार । सरकारले युद्धग्रस्त देशबाट फर्कनेलाई सघाउन परराष्ट्र मन्त्रालयमा चौबिसै घण्टे हेल्प डेस्क राख्ने भएको छ । इजरायल-इराक युद्धका कारण स्वदेश फर्कन चाहने नेपालीलाई सहयोग गर्न सरकारले चौबिसै घण्टा सञ्चालन हुने गरी परराष्ट्र मन्त्रालयमा युनिट राख्ने भएको हो ।

युनिटमा परराष्ट्र, गृह, श्रम तथा रोजगार र पर्यटन मन्त्रालयका अधिकारी रहनेछन् । परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाले इजरायल र इरानमा विकसित परिस्थितिअनुसार त्यहाँ रहेका नेपाली नागरिकको सुरक्षा र उद्धारका लागि सरकारले सम्भव भएका सबै उपाय गर्ने बताउनुभएको छ । उहाँले नेपाल फर्कन चाहनेलाई उद्धार गर्ने गरी सरकारले तयारी गरिरहेको समेत जानकारी दिनुभयो ।

शुक्रवार परराष्ट्र मन्त्रालयमा श्रम रोजगार तथा सामाजिक सुरक्षा, संस्कृति पर्यटन तथा नागरिक उड्डयन र गृह मन्त्रालयसँग संयुक्त बैठक सम्पन्न भएको छ । बैठकमा मन्त्री डा. राणाले इजरायल र इरानमा युद्धका कारण उत्पन्न परिस्थिति, परराष्ट्र मन्त्रालयको समन्वयसहित इजरायलमा रहेको नेपाली दूतावासले सक्रिय रूपमा काम गरिरहेको, स्वदेश फर्कन चाहने नेपालीका लागि रजिस्ट्रेशन पनि खुलेको र स्वदेश फर्कन चाहनेहरूलाई उद्धारका लागि तयारीमै सरकार रहेको जानकारी



दिनुभएको हो

बैठकमा श्रममन्त्री शरतसिंह भण्डारीले पनि त्यहाँ रहेका नेपालीसँग निरन्तर सम्पर्कमा रहेको र उहाँहरू स्वदेश फर्कन चाहे उद्धारको तयारीमा सरकार लाग्नुपर्ने बताउनुभयो । उहाँले अहिले इजरायल जाने अन्तिम तयारीमा रहेकालाई श्रम स्वीकृति नदिई रोकिराखिएको पनि जानकारी दिनुभयो ।

अनलाइन पोर्टल खोलेर नेपालीको विवरण लिन शुरू गरेकोमा अहिलेसम्म ६ सय जनाभन्दा बढीले विवरण दर्ता गराएका छन् । अहिले इजरायलमा झन्डै ७ हजार जना नेपाली रहेका र तीमध्ये धेरैजसो तेल अभिभ, जेरुसेलम र हाइफामा रहेका छन् । त्यस्तै इरानमा १८ जना नेपाली रहेका छन् ।

# पेवेल नेपाल र सजिलो पे पेमेन्टको अनुमतिपत्र खारेज

मधेश समाचारदाता

काठमाण्डौ, ६ असार । नेपाल राष्ट्र बैंकले पेवेल नेपाल र सजिलो पे पेमेन्टको अनुमतिपत्र खारेज गरेको छ ।

भुक्तानी सेवा प्रदायका रूपमा काम गर्नेगरी दिइएको अनुमति खारेज गरिएको केन्द्रीय बैंकले जनाएको छ ।

पेवेल नेपाल प्रालिलाई २०७७ असोज ११ गते र सजिलो पे पेमेन्टलाई २०७७ चैत १७ गते अनुमति दिइएको थियो ।

भुक्तानी तथा फस्यौंट ऐन, भुक्तानी तथा फस्यौंट विनियमावली, भुक्तानी प्रणालीसम्बन्धी एकीकृत निर्देशन, सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐनका विभिन्न प्रावधानको उल्लङ्घन गरेको पाइएकाले ती भुक्तानी सेवा प्रदायकको अनुमतिपत्र खारेज गरिएको हो ।

# सिरहामा मोटरसाइकल र साइकल ठोक्किादा ३ जनाको मृत्यु

मधेश समाचारदाता

सिरहा, ६ असार । सिरहामा मोटरसाइकल र साइकल ठोक्किँदा तीनजनाको मृत्यु भएको छ ।

शुक्रवार साँझ सवा ५ बजेतिर सिरहा नगरपालिका-१८ लक्षमिनिया स्थित हुलाकी सडक खण्डमा पूर्वबाट पश्चिमतर्फ आउँदै गरेको प्रदेश २-०१००३ प ३२३० नम्बरको मोटरसाइकल र पश्चिमबाट पूर्वतर्फ गइरहेको साइकल सन्हैठा नजिक एक आपसमा ठोकिँएको हो ।

मृत्यु हुनेहरूमा मोटरसाइकल चालक सिरहाको कल्याणपुर-१२ का २९ वर्षीय नरेश मुखिया, पछाडि सवार कल्याणपुर नगरपालिका २ चतरीका २८ वर्षीय प्रदीप मुखिया र साइकल यात्री सिरहा नगरपालिका-२ का ६५ वर्षीय कुसे राय रहेका छन् ।

सिरहाका प्रहरी प्रवक्ता डिएसपी विरेन्द्रकुमार पासवानका अनुसार दुर्घटनामा तीनैजना गम्भीर घाइते भएका थिए । उपचारका लागि प्रादेशिक अस्पताल सिरहा लगिएकोमा तीनैजनालाई चिकित्सकले मृत घोषणा गरेका थिए ।मृतकहरूको शव पोष्टमार्टमका लागि अस्पतालमा राखेर घटना विषयमा थप अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ ।

# विद्युत् कटौतीले वीरगञ्ज-पथलैया औद्योगिक करिडोरका उद्योग समस्यामा

मधेश समाचारदाता

पर्सा, ६ असार । वीरगञ्जका उद्योगी/व्यवसायीले विद्युत् कटौतीका कारण वीरगञ्ज-पथलैया औद्योगिक करिडोरका उद्योगधन्दा समस्यामा परेको गुनासो गरेका छन् । वीरगञ्ज उद्योग वाणिज्य सङ्घका अध्यक्ष हरि गौतमले औद्योगिक करिडोरमा दैनिक औषतमा आठ घण्टाभन्दा धेरै विद्युत् कटौती हुँदै आएको बताउनुभयो ।

यसले गर्दा यस क्षेत्रका उद्योगले आफ्नो क्षमताको ३०/३५ प्रतिशत उत्पादनमात्र गर्न सकेका उहाँको भनाइ छ । उहाँका अनुसार वीरगञ्ज पथलैया क्षेत्रमा सिमेन्ट, फलाम र स्टिल, पशुदाना, खाद्यान्न, औषधि, चुरोट आदिसहित झन्डै एक हजार दुई सय उद्योग छन् ।

उद्योगका लागि विद्युत् कच्चा पदार्थ हो । विद्युत् नभई उद्योग सञ्चालन हुन सक्दैन । यस क्षेत्रमा सहज विद्युत् आपूर्ति नभएकाले त्यसको असर देशको अर्थतन्त्रमा नै परिरहेको अध्यक्ष गौतमले भन्नुभयो ।

बलरा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बलरा, सर्लाही
मधेश प्रदेश, नेपाल

चटयाङबाट बच्न निम्न उपाय अपनाऔं ।

घरबाहिर हुँदा

- आकाशमा बिजुली चम्किदा, गड्याङगुडुङ्ग हुँदा घरभित्र जाऔं,
- नजिकै घर नभए ओतमा बसौं,
- रुख वा बिजुलीको पोलमुनि नबसौं,
- छाता नओढौं,
- खेतबारीमा काम नगरौं,
- कुनै ओत नभए दुबै हातलाई टाउकोमाथि राखी निहुरिएर कुर्कुच्चा जोडी थुचुक्क बसौं,
- भूँइमा लम्पसार परेर नसुतौं।

घरभित्र हुँदा

- टिभी र कम्प्युटरजस्ता बिजुलीबाट चल्ने उपकरण नचलाऔं, बिजुलीका स्वीच अफ गरौं,
- त्यस्ता उपकरण बिजुलीको प्लगबाट छुटाऔं,
- तारवाला फोन प्रयोग नगरौं, मोवाइल स्वीच अफ गरौं,
- नुहाउने, लुगा धुने वा भाँडा माझ्ने काम नगरौं,
- झ्याल, भर्याङ, बरन्डालगायतका ग्रिल र बार नछोऔं,
- भित्ता वा झ्यालमा अडेस लागेर नबसौं ।